## मिति २०८१ माघ २९ गतेको ४० औं कार्यपालिका बैठकका निर्णयहरुः

**एजेण्डाहरु**

१) अघिल्लो बैठकको समिक्षा गर्ने ।

२) तराई मधेश संवृद्धि कार्यक्रमको लागि योजना छनोट

३) एकिकृत बस्ती विकास कार्यक्रम चेपाङ्ग बोटेको लागि लाभग्राही छनोट

४) लिजा र एफ आर ए को नतिजा अनुमोदन गर्ने

५) स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधिमा छलफल

६) गृहणी महिला शसक्तिकरण कार्यक्रम सञ्चालन गर्न वडा छनोट ।

७) विविध ।

**निर्णयहरुः**

१) अघिल्लो कार्यपालिका वैठकले गरेका निर्णयहरुको कार्यान्वयनका सम्वन्धमा बैठकमा छलफल गरियो साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

२) आर्थिक वर्ष २०८२।०८३ मा तराई मधेश समृद्धि कार्यक्रमको लागि यस पालिकाले गर्नुपर्ने अनिवार्य लागत सहभागिताको प्रतिवद्धता सहित देहायका योजनाहरुको लागत इष्टिमेट बमोजिमको रकम प्राथमिकताको आधारमा माग गर्ने निर्णय गरियो ।

**योजनाको नाम**

क) बोटे सामुदायीक होमेस्टेमा साँस्कृतिक भवन

ख) बघौडा सामुदायीक होमेस्टेमा साँस्कृतिक भवन

ग) तमु समाजको भवन निर्माण

३) बागमती प्रदेश सरकारको चेपाङ्ग, वनकरिया, बोटे एकिकृत वस्ति तथा आवास कार्यक्रम अन्तर्गत देहायको संख्यामा लाभग्राही छनौट गर्ने निर्णय गरियो

| | |
|---|---|
| वडा नं. १ | १ जना |
| वडा नं. २ | १ जना |
| वडा नं. ४ | १ जना |
| वडा नं. ५ | १ जना |
| वडा नं. ७ | ३ जना |
| वडा नं. ८ | २ जना |
| वडा नं. ९ | १२ जना |

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर, चितवन बागमती प्रदेश, नेपाल २०७२

निर्णय प्रमाणित

२०८१।१०।२९

प्रमुख प्रशासकीय अधिकृत

४) यस नगरपालिकाको आ. व. २०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्व मुल्याङ्कन र स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनवाट प्राप्त नतिजा बैठकमा छलफल भयो र सो नतिजालाई पालिकाले अपनत्व लिंदै उक्त नतिजा स्वीकृत गर्ने निर्णय गरियो ।

५) विधेयक समितिवाट पेश भएका देहायका कार्यविधि, तथा मापदण्डहरु स्वीकृत गर्ने निर्णय गरियो ।

क) माडी नगरपालिकाको स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन कार्यविधि २०८१

ख) माडी नगरपालिकामा दिगो विकास लक्ष्यको स्थानीयकरण सम्वन्धी अध्ययन प्रतिवेदन, २०८१

ग) माडी नगरपालिकाको सार्वजनिक सेवाको मापदण्ड, २०८१

६) बागमती प्रदेश सरकार र माडी नगरपालिकाको लागत सहभागितामा सञ्चालन हुने गृहिणी महिला सशक्तिकरण कार्यक्रम माडी नगरपालिका वडा नं ४ का गृहिणी महिलाहरुको लागि सञ्चालन गर्ने निर्णय गरियो ।

७) गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाई मार्गदर्शन २०७८ बमोजिम गुनासो सुनुवाई समितिवाट सिफरिस भए बमोजिम वडा नं ५ का ८६ जना तथा वडा नं ७ को १ जना गरी कुल ८७ जना घरपरिवार छुट भएको हुंदा सो छुट भएका घर परिवारको नाम समावेश गरिदिन मार्गदर्शनको दफा ६ ख बमोजिम भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

८) यस वर्षको वार्षिक नगर विकास योजना अन्तर्गत घर्ती प्रतिष्ठान कम्पाउण्ड तथा निर्माण शिर्षकमा बागमती प्रदेशवाट पनि सोही नाममा योजना परेको हुंदा वडा नं ६ को सिफारिस पत्रको आधारमा सो योजनालाई **घर्ती प्रतिष्ठानमा दुई कोठे सौचालय निर्माण** कायम गरि योजना सम्झौता गर्ने निर्णय गरियो

निर्णय प्रमाणित

२०८१।१०।२४

प्रमुख प्रशासकीय अधिकृत

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner